नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

यस पदको परीक्षा ढाँचा (Examination Scheme) लाई देहाय बमोजिमको चरणमा विभाजन गरिएको छ :-

| | | | | |
|---|---|---|---|---|
| **प्रथम चरण** | :- | General Knowledge & Intelligence Aptitude Test | **पूर्णाङ्क** | :- १०० |
| **द्वितीय चरण** | :- | लिखित परीक्षा (Written Examination) | **पूर्णाङ्क** | :- २०० |
| **तृतीय चरण** | :- | विस्तृत स्वास्थ्य परिक्षण (Detail Health Test) | | - |
| **चतुर्थ चरण** | :- | क) योग्यता परीक्षण (Competency Test) | **पूर्णाङ्क** | :- ४० |
| | | ख) अन्तर्वार्ता (Interview) | **पूर्णाङ्क** | :- ४० |

## परीक्षा योजना ( Examination Scheme)

**१. प्रथम चरण :- General Knowledge & Intelligence Aptitude Test** **पूर्णाङ्क :- १००**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | General Knowledge & Intelligence Aptitude Test | १०० | ४० | बस्तुगत (Objective) बहुवैकल्पिक प्रश्न (MCQs) | १०० प्रश्न x १ अङ्क | १ घण्टा ३० मिनेट |

**२. द्वितीय चरण :- लिखित परीक्षा (Written Examination)** **पूर्णाङ्क :- २००**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| द्वितीय | व्यवस्थापन, कुटनीति, कानून तथा लेखन सीप सम्बन्धी | १०० | ४० | विषयगत (Subjective) | छोटो प्रश्न | ४ प्रश्न x ५ अङ्क | ३ घण्टा |
| | | | | | लामो प्रश्न | ८ प्रश्न x १० अङ्क | |
| तृतीय | इण्टेलिजेन्स सेवा सम्बन्धी | १०० | ४० | विषयगत (Subjective) | छोटो प्रश्न | ४ प्रश्न x ५ अङ्क | ३ घण्टा |
| | | | | | लामो प्रश्न | ८ प्रश्न x १० अङ्क | |

**३. तृतीय चरण :- विस्तृत स्वास्थ्य परीक्षण (Detail Health Test)**

**४. चतुर्थ चरण :- क) योग्यता परीक्षण (Competency Test)** **पूर्णाङ्क :- ४०**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| **Psychological Test (TAT, WAT & SDT)** | २० | (Written Exercise) |
| **Group Test** | १० | (Group Discussion) |
| **Presentation** | १० | (Presentation) |

**ख) अन्तर्वार्ता (Interview)** **पूर्णाङ्क :- ४०**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| **अन्तर्वार्ता** | ४० | मौखिक (बोर्ड अन्तर्वार्ता) |

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**द्रष्टव्य :-**

१. यो पाठ्यक्रम योजनालाई प्रथम चरण अन्तर्गत General Knowledge & Intelligence Aptitude Test, द्वितीय चरण अन्तर्गत लिखित परीक्षा (द्वितीय र तृतीय पत्र), तृतीय चरण अन्तर्गत विस्तृत स्वास्थ्य परीक्षण, चतुर्थ चरण अन्तर्गत खण्ड (क) मा Competency Test अन्तरगत Psychological Test (TAT, WAT & SDT) Group Test(Group Discussion), Presentation र खण्ड (ख) मा अन्तर्वार्ता परीक्षाको आधारमा विभाजन गरिएको छ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. सबै किसिमका परीक्षामा कुनै प्रकारको मोवाइल तथा बहुवैकल्पिक प्रश्नहरू हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

५. प्रथम चरणको General Knowledge & Intelligence Aptitude Test परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सहभागी गराइनेछ ।

६. द्वितीय चरणको लिखित परीक्षाको द्वितीय र तृतीय पत्रको परीक्षा छुट्टाछुट्टै हुनेछ ।

७. विषयगत प्रश्नमा प्रत्येक पत्र / विषयका प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन् । परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरूको उत्तर सोही खण्डका उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

८. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

९. प्रथम चरणको General Knowledge & Intelligence Aptitude Test मा प्राप्त गरेको प्राप्ताङ्कको ५० (पचास) प्रतिशत अङ्क तथा द्वितीय चरणको लिखित परीक्षाको प्राप्ताङ्कहरू जोडी कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

१०.लिखित परीक्षामा सफल उम्मेदवारहरूलाई नेपाल सरकारको स्वामित्वमा रहेका अस्पताल वा स्वास्थ्य संस्थामा (पाठ्यक्रममा समावेश स्वास्थ्य परीक्षण मापदण्ड बमोजिम) विस्तृत स्वास्थ्य परीक्षण गराइनेछ । स्वास्थ्य परीक्षणमा योग्य उम्मेदवार मात्र चतुर्थ चरणको परीक्षामा समावेश हुन सक्नेछन् ।

११.प्रथम र द्वितीय चरणको लिखित परीक्षा, Competency Test र अन्तर्वार्ता परीक्षाको कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१२.पाठ्यक्रम स्वीकृत मिति: २०८१/०२/०७

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**प्रथम चरण**

**प्रथम पत्र :- General Knowledge & Intelligence Aptitude Test**

**खण्ड (क) :- General Knowledge (सामान्य ज्ञान) - (५० प्रश्न x १ अङ्क)**

**१. भूगोल सम्बन्धी**

१.१ विश्वको भूगोल सम्बन्धी जानकारी - भौतिक, सामाजिक र आर्थिक भूगोल

१.२ नेपालको भूगोल

१.२.१ भौगोलिक अवस्था/स्वरुपः किसिम र विशेषताहरू

१.२.२ प्राकृतिक स्रोतहरूको किसिम, स्थिति, महत्व र वर्तमान अवस्था

१.२.३ भौगोलिक विविधता र जनजीवन

१.२.४ नेपालमा पाईने हावापानीको किसिम र विशेषता

**२. ईतिहास, संस्कृति, सामाजिक व्यवस्था, राजनीति र आर्थिक अवस्था सम्बन्धी**

२.१ विश्वका प्रमुख ऐतिहासिक घटनाहरू

२.२ नेपालको इतिहास, संस्कृति र सामाजिक व्यवस्था

२.२.१ नेपालको प्राचीनकाल तथा मध्यकालको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अवस्था

२.२.२ आधुनिक नेपालको ईतिहास

२.२.३ नेपालको प्रशासनिक व्यवस्थाको विकासक्रम

२.२.४ नेपालका प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला

२.२.५ सांस्कृतिक सम्पदाको किसिम, विशेषता, महत्व

२.२.६ आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य, विद्युत) र विकास योजना

२.२.७ नेपालको अर्थतन्त्रसँग सम्बन्धित योजना, श्रोत साधन परिचालन, वृद्धि विकास र रोजगारसँग सम्बन्धित सबालहरू

२.३ नेपालको लोकतन्त्रका लागि भएका जनआन्दोलनहरू

**३. वातावरण र विज्ञान प्रविधि सम्बन्धी**

३.१ जैविक विविधता, दिगो विकास, जलवायु परिर्वतन, वातावरण व्यवस्थापन, प्रदुषण, जनसंख्या, शहरीकरण, बसोवास सम्बन्धी

३.२ प्रमुख वैज्ञानिक अन्वेषण र आविष्कारहरू, प्रसिद्ध वैज्ञानिक र तिनको योगदान

३.३ विज्ञान र प्रविधिको विकासले मानव जीवन र समाजमा परेको प्रभाव

**४. अन्तर्राष्ट्रिय मामिला, अन्तर्राष्ट्रिय संघ/संस्था र नेपालको कुटनीति**

४.१ संयुक्त राष्ट्रसंघ र यसका, विशिष्टीकृत संस्थाहरू सम्बन्धी जानकारी।

४.२ सार्क, बिमस्टेक, आसियान र युरोपियन यूनियन सम्बन्धी जानकारी।

४.३ छिमेकी मुलकहरूसँग नेपालको सम्बन्ध

४.४ नेपालको कुटनीति तथा परराष्ट्र नीति

४.५ विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका द्वन्द्वहरू

४.६ नेपालको छिमेकी तथा मित्र राष्ट्रहरूसंगको सम्बन्ध

४.७ क्षेत्रीय स्तरका विकासात्मक र सुरक्षात्मक रणनीतिहरू र नेपालमा तिनको प्रभाव (बिआरआई, इण्डोप्यासिफिक रणनीति)

**५. इण्टेलिजेन्स सेवा र सुरक्षा सम्बन्धी जानकारी**

५.१ नेपालमा इण्टेलिजेन्स सेवाको व्यवस्था, राष्ट्रिय अनुसन्धान विभाग ( ऐतिहासिक पृष्ठभूमी, पदसोपान, कार्यक्षेत्र र जिम्मेवारी)
५.२ विश्वका प्रमुख जासुसी संस्थाहरू
५.३ नेपालको समग्र सुरक्षा व्यवस्था (राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षासंग सम्बद्ध निकायहरू, तिनका काम, कर्तव्य, अधिकार, ऐन, नियम तथा कार्यप्रकृति)
५.४ राष्ट्रिय सुरक्षा व्यवस्थापन (नेपालको आन्तरिक तथा वाह्य सुरक्षा चुनौती)
५.५ नेपाल विशेष सेवा ऐन, २०४२
५.६ विश्वमा आतंकबाद र प्रमुख आतंकवादी संघ/संगठनहरू
५.७ सूचना प्रविधिको प्रयोग र यसबाट सिर्जित समस्याहरू
५.८ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका समसामयिक राजनीतिक, आर्थिक एवं सुरक्षासंग सम्बन्धित घटना

**खण्ड (ख) :- Intelligence Aptitude Test** **(५० प्रश्न x १ अङ्क)**

**1. Verbal Aptitude:** **(15 × 1= 15 Marks)**

Vocabulary, Jumble words, Analogy, Classification, Series, Coding-Decoding, Direction and Distance sense test, Ranking order test, Puzzle test, Verification of truth statement, Situation judgment test, Assertion and Reason, Logical reasoning, Statement and Conclusions, Theme detection, Cause and Effect, Making judgments.

**2. Abstract/Non-verbal Aptitude:** **(15 × 1= 15 Marks)**

Figure series, Figure analogy, Figure classification, Figure matrix, Figure formation and analysis, Analytical reasoning test, Venn diagrams, Water images, Mirror images, Embedded figures, Essential Part, Cubes and Dice, Grouping of identical figures, Rule detection, Paper cutting.

**3. Numerical Ability and Quantitative Aptitude:** **(20 × 1= 20 Marks)**

Number analogy, Number classification/ odd one out, Number series/series completion, Find the wrong term in given Series, Number matrix, Number coding, Arithmetical reasoning, Date and Calendar, Clock, Arithmetical operations, Decimal and Fraction, Percentage, Ratio, Average, Profit and Loss, Time and work, Data interpretation, Height and Distance, Permutation and Combination, Probability.

**प्रश्न तथा अंकभार विभाजन**

| **प्रथम पत्र** | **General Knowledge** | | | | | **Intelligence Aptitude Test** | | |
|---|---|---|---|---|---|---|---|---|
| **अंकभार** | ५० | | | | | ५० | | |
| **एकाई** | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ |
| **प्रश्न संख्या** | ९ | १० | ७ | ९ | १५ | १५ | १५ | २० |
| **जम्मा प्रश्न** | **५०** | | | | | **५०** | | |

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**द्वितीय चरण :- लिखित परीक्षा**

**द्वितीय पत्र - व्यवस्थापन, कुटनीति, कानून तथा लेखन सीप सम्बन्धी**

**खण्ड (क) :- व्यवस्थापन सम्बन्धी - (३० अङ्क)**

१. शासनका आधारभूत पक्षहरू : अवधारणा, सन्दर्भ र विशेषताहरू

२. सार्वजनिक प्रशासनको परिचय, उद्देश्य, कार्यक्षेत्र र चुनौतीहरू

३. व्यवस्थापनको अवधारणा, प्रकार र आधारभूत सिद्धान्तहरू

४. मानव श्रोत व्यवस्थापन : प्राप्ति, विकास, उपयोग र सम्भार

५. व्यवस्थापनमा निर्देशन, नियन्त्रण, समन्वय, निर्णय प्रक्रिया, उत्प्रेरणा र नेतृत्व क्षमता

६. संकट, विपद् एवं द्वन्द्व व्यवस्थापन, समय व्यवस्थापन, परिवर्तन व्यवस्थापन र रणनीतिक योजना

७. विश्वमा भएका ठुला द्वन्द्व र तिनको व्यवस्थापन

८. विवाद र विवाद समाधानका उपायहरू

९. वार्ता तथा सम्झौता गर्ने सीपहरू

१०.प्रविधि हस्तान्तरण (बौद्धिक सम्पत्ति अधिकार समेत) तथा संचार साधनको महत्व, प्रयोग र व्यवस्थापन

११.नेपालको योजना र बजेट प्रणाली

१२.राजस्वको अवधारणा र सिद्धान्त

१३.सार्वजनिक आय, सार्वजनिक खर्च र सार्वजनिक ऋणको अवधारणा

१४. नेपालमा कर प्रणालीः वर्तमान स्वरुप र कार्यान्वयनको अवस्था (मूल्य अभिबृद्धि कर, आयकर, अन्तशुल्क, भंसार महसुल, स्थानीय कर तथा अन्य गैर करहरू)

१५.आर्थिक नीति, वित्तीय नीति र मौद्रिक नीति

१६.आर्थिक बृद्धि र आर्थिक विकास

१७.नेपालमा सरकारी लेखा प्रणाली र लेखापरीक्षण प्रणाली

१८.पारदर्शिता, गोपनीयता एवं आचारसंहिता

१९.सहभागितामूलक योजना र विकास

२०.गरिवी र वेरोजगारी

**खण्ड (ख) :- कुटनीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी - (२० अङ्क)**

१. वैदेशिक नीति : अवधारणा, सिद्धान्त र निर्धारक तत्वहरू

२. नेपालको वैदेशिक नीति : विगत र वर्तमानका सवाल तथा चुनौतीहरू

३. संयुक्त राष्ट्रसंघ र नेपाल

४. भारत, चीन, अमेरिका, वेलायत, रसिया र अन्य मुख्य राष्ट्रहरूसङ्ग नेपालको सम्बन्ध

५. क्षेत्रीय संगठन र तिनका सदस्य राष्ट्रहरूसंग नेपालको सम्बन्ध

६. बाह्य मुलुकहरूमा नेपालको उपस्थिति र Consular/Missions

७. नेपालको परराष्ट्र मन्त्रालयको भूमिका र कार्यहरू

८. नेपालको कूटनीति (विकास कूटनीति, सांस्कृतिक कूटनीति, आर्थिक कूटनीति, सार्वजनिक कूटनीति, क्षेत्रीय कूटनीति, श्रम कूटनीति र प्रवासी कूटनीति)

९. नेपालको राष्ट्रिय हित, स्वार्थ र सुरक्षा नीति

१०.नेपालको भूराजनीतिक अवस्थिति

११.वैदेशिक लगानि : पोर्टफोलियो र प्रत्यक्ष

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**खण्ड (ग):- कानूनी व्यवस्था सम्बन्धी - (३० अङ्क)**

१. विद्यमान नेपालको संविधान (मूलभूत विशेषताहरू, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, मौलिक हक, निर्देशक सिद्धान्त र राज्यका नीतिहरू)

२. कानूनको शासन, समावेशीकरण, समानुपातिक प्रतिनिधित्व तथा सकारात्मक विभेद

३. मानव अधिकार र मानवीय कानून

४. मुलुकी अपराध (संहिता) ऐन, २०७४ र मुलुकी देवानी (संहिता) ऐन, २०७४

५. नेपाल विशेष सेवा ऐन, २०४२

६. प्रहरी ऐन र नियमावली (प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार, संगठनात्मक संरचना, सार्वजनिक शान्ति कायम गर्न विशेष प्रवन्ध, स्थानीय प्रशासन र प्रहरीको सम्बन्ध, पदपूर्ति सम्बन्धी व्यवस्था, तालिम सम्बन्धी व्यवस्था, आचरण, सजाय र पुनरावेदन)

७. सशस्त्र प्रहरी ऐन र नियमावली (सशस्त्र प्रहरी बलको गठन र संचालन, संगठनात्मक संरचना, सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार, पदपूर्ति सम्बन्धी व्यवस्था, तालिम सम्बन्धी व्यवस्था, आचरण, सजाय र पुनरावेदन)

८. सैनिक ऐन र नियमावली (नेपाली सेनाको स्थापना र व्यवस्था, काम, कर्तव्य र अधिकार, सैनिक अदालतको गठन तथा अधिकारक्षेत्र, सैनिक सेवाको गठन, पदपूर्तिको व्यवस्था)

९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

१०. भ्रष्टाचार निवारण ऐन, २०५९

११. सूचनाको हक सम्बन्धी ऐन, २०६४

१२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

१३. विद्युतीय कारोवार सम्बन्धी ऐन, २०६३

१४.संबैधानिक निकायहरूको परिचय, गठन प्रक्रिया, काम कर्तव्य र जिम्मेवारी

**खण्ड (घ) :- लेखन सीप सम्बन्धी - (२० अङ्क)**

**<u>English Writing</u>**

1. Comprehension of a given passage :
   Fact finding, Inferential, Core theme, True/false identification, Issues raised and Language based
2. Summary writing/ precise writing
3. Letter/Application writing
4. Official letter / Informal letter, Applications/Invitations
5. Report writing
6. Incident Report/Event Report
7. Amplification
8. Short essay writing
9. Translation from Nepali text to English or English text to Nepali

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**नेपाली लेखन**

१. बुँदा लेखन/सारांश लेखन

२. पत्र, निवेदन र निमन्त्रणा लेखन (संक्षेपीकरण/विस्तृतीकरण, अनुच्छेदको संक्षेपीकरण, वाक्यको विस्तृतिकरण)

३. प्रतिवेदन लेखन ( परिचय, उद्देश्य, महत्व, शैली र ढाँचा/निर्धारित विषयका सम्बन्धमा प्रतिवेदन लेखन)

४. अनुच्छेद लेखन/टिप्पणी लेखन

५. संवाद/मनोवाद लेखन

**प्रश्न तथा अंकभार विभाजन**

| **द्वितीय पत्र** | **खण्ड (क) व्यवस्थापन सम्बन्धी** | | **खण्ड (ख) कुटनीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी** | | **खण्ड (ग) कानून सम्बन्धी** | | **खण्ड (घ) लेखन सीप सम्बन्धी (नेपाली र अङ्ग्रेजी)** | |
|---|---|---|---|---|---|---|---|---|
| अंकभार | ३० | | २० | | ३० | | २० | |
| प्रश्न किसिम | छोटो | लामो | छोटो | लामो | छोटो | लामो | छोटो | लामो |
| प्रश्न संख्या | - | ३ | २ | १ | - | ३ | २ | १ |
| प्रश्न अंकभार | - | १० | ५ | १० | - | १० | ५ | १० |
| **जम्मा प्रश्न** | **३×१०=३०** | | **२×५+१×१०=२०** | | **३×१०=३०** | | **२×५+१×१०=२०** | |

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**तृतीय पत्र :- इण्टेलिजेन्स सेवा सम्बन्धी**

**खण्ड (क) :- सुरक्षा कार्य सम्बन्धी - (५० अङ्क)**

१. आन्तरिक तथा राष्ट्रिय सुरक्षा व्यवस्थापनको अर्थ, अवधारणा र आयामहरू
२. नेपालका सुरक्षा निकायहरू र सुरक्षा व्यवस्थापनमा भूमिका
३. राष्ट्रिय सुरक्षा व्यवस्थापनमा सुरक्षा निकायहरूबिचको अन्तरसम्बन्ध, समन्वय र सहकार्य
४. राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय विद्यमान सुरक्षा चुनौतीहरू
५. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय रुपमा देखिएका द्वन्द्व र नेपालमा यसको प्रभाव एवं चुनौतिहरू
६. नेपालमा वित्तिय अपराधको प्रवृत्ति तथा चुनौतिहरू
७. संगठित अपराध : विद्युतीय अपराध (Cyber Crime), बेचविखन, मिलेमतो (Cartelling), एकाधिकार (Monopoly)
८. महत्वपूर्ण व्यक्ति र प्रतिष्ठान तथा सामरिक महत्वका स्थानको सुरक्षा
९. जातीय, धार्मिक अतिवाद, उग्रवाद र कट्टरपन्थको उदय र प्रवृत्ति
१०. भूमिगत तथा अर्धभूमिगत संगठन, सशस्त्र विद्रोहको प्रकृति र प्रवृत्ति
११. आप्रवासी तथा शरणार्थी समस्या र सुरक्षामा उत्पन्न चुनौति
१२. नेपालको अध्यागमन प्रणाली र सुरक्षाका सवालहरू
१३. इन्टरपोलको परिचय र जिम्मेवारीका क्षेत्रहरू
१४. साना हातहतियार, लागूऔषध, विष्फोटक पदार्थको अवैध ओसारपसार र चुनौति
१५. नेपालमा वैदेशिक गतिविधि र यसको प्रभाव
१६. आतंकवाद (Terrorism) र प्रतिआतंकवाद (Counter Terrorism)
१७. सम्पत्ति शुद्धीकरण, अपराध नियन्त्रण, समस्या र चुनौतिहरू
१८. मानव बेचविखनको स्वरुप र विद्यमान चुनौति
१९. प्राकृतिक स्रोतसाधन, जल, जमीन र आकाशको सुरक्षामा देखा परेका चुनौति र रोकथाम
२०. वोर्डर इन्टेलिजेन्स, अन्तरसीमा तथा अन्तरदेशीय अपराध र सीमा अतिक्रमण

**खण्ड (ख) :- गुप्तचरी (इन्टेलिजेन्स) कार्य सम्बन्धी - (५० अङ्क)**

१. राष्ट्रिय अनुसन्धान विभागको ऐतिहासिक पृष्ठभूमि र संगठनात्मक संरचना
२. राष्ट्रिय अनुसन्धान विभागको काम, कर्तव्य तथा जिम्मेवारीका क्षेत्रहरू
३. सूचना तथा इन्टेलिजेन्सको अवधारणा र महत्व
४. सूचना व्यवस्थापन, सूचना संजाल निर्माणको महत्व
५. सूचना संकलन, विश्लेषण, भण्डारण, प्रवाह र सुरक्षा
६. राष्ट्रिय सुरक्षामा ईन्टेलिजेन्सको प्रयोग र भूमिका
७. गुप्तचरी (Intelligence) र प्रतिगुप्तचरी (Counter Intelligence) कार्य
८. जासूसी (Espionage) र प्रतिजासूसी (Counter Espionage)को अवधारणा तथा प्रयोग
९. सूचना संकलन कार्यमा निगरानीको आवश्यकता र महत्व
१०. सूत्र र सुराकीको आवश्यकता र परिचालनको महत्व
११. आवरणयुक्त कार्य (Undercover Work) को प्रकृति, महत्व र जोखिम
१२. अनुसन्धान कार्य र प्रमाण संकलन

१३. नेपालमा राजश्व गुप्तचरको आवश्यकता र महत्व
१४. अपराध अनुसन्धानमा इन्टेलिजेन्सको भूमिका
१५. औद्योगिक तथा व्यापारिक इन्टेलिजेन्स (Corporate Intelligence)
१६. विश्वका प्रमुख जासुसी संस्थाहरू र सुरक्षा व्यवस्थापनमा भूमिका
१७. राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको उपस्थिति र सुरक्षामा प्रभाव
१८. राष्ट्रिय हित र सरोकारका विषयहरू

**प्रश्न तथा अंकभार विभाजन**

| **तृतीय पत्र** | **खण्ड (क)<br>सुरक्षा सम्बन्धी** | | **खण्ड (ख)<br>इण्टेलिजेन्स कार्य सम्बन्धी** | |
|---|---|---|---|---|
| अंकभार | ५० | | ५० | |
| प्रश्न किसिम | छोटो | लामो | छोटो | लामो |
| प्रश्न संख्या | २ | ४ | २ | ४ |
| प्रश्न अंकभार | ५ | १० | ५ | १० |
| **जम्मा प्रश्न** | **२×५+४×१०=५०** | | **२×५+४×१०=५०** | |

## तृतीय चरण :- विस्तृत स्वास्थ्य परीक्षण

लिखित परीक्षामा सफल भएका उम्मेदवारहरूले राष्ट्रिय अनुसन्धान विभागबाट तोकिएको नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल वा स्वास्थ्य संस्थामा देहायका विवरण बमोजिम अनिवार्य विस्तृत स्वास्थ्य परीक्षण गर्नुपर्नेछ। स्वास्थ्य परीक्षणमा योग्य उम्मेदवारहरू मात्र चतुर्थ चरण अन्तर्गतको परीक्षामा समावेश हुन सक्नेछ।

**क. साधारण वियरिङ परीक्षणका आधारभूत मापदण्डहरू :**

- उचाई :- पुरुष उम्मेदवार (६२ इन्च)
  महिला उम्मेदवार (६० इन्च)
- कम्तिमा तौल पुरुषको हकमा ५० के.जी. र महिलाको हकमा ४२ के.जी. हुनुपर्ने,
- छाती :- पुरुषका लागि मात्र (नफुलाउदा कम्तिमा ३१ र फुलाउदा ३३ इन्च)
- अंगभंग वा हातखुट्टा बाङ्गो टिङ्गो नभएको,
- Knee Lock वा Bow Knee नभएको,
- चेप्टो पैतला नभएको,
- प्रष्ट बोली भएको,
- वोल्न कठिनाई नभएको,
- ढाड ननुहेको,
- शरीर पुरा झुकाउन सक्ने,
- दुवी नभएको,
- जीउ कोल्टे नपरेको,
- आँखा छड्के नभएको,
- ट्याटुको हकमा 2.5 x 2.5 CM सम्म Consider गर्न सकिने तथा देखिने ठाउँमा हुन नहुने,
- Congenital Deformity नभएको,
- एकतिहाई भन्दा बढी कपाल झरेको, फुलेको वा रङ्गाएको हुन नहुने,
- Major Operation Scar हुन नहुने।

**ख. विस्तृत स्वास्थ्य परीक्षणका मापदण्डहरू :**

| क्र.सं. | विषय | परीक्षणहरू | कैफियत |
|---|---|---|---|
| 1 | **General Medical Examination** | • General Personality Observation-Normal हुनुपर्ने<br>• Pulse र Blood Pressure-Normal हुनुपर्ने<br>• कुनै पनि दीर्घ रोग हुन नहुने | |
| 2 | **Systemic Medical Examination** | 2.1 Eye Test<br>• आँखाको पावर (+2) अथवा (-2) भन्दा बढी हुन नहुने<br>• Color Blind हुन नहुने<br>2.2 Dental<br>• अगाडीको दाँत झरेको हुन नहुने<br>• नदेखिने ठाउँमा २ भन्दा बढी दाँत झरेको हुन नहुने<br>• ४ भन्दा बढी दाँत किराले खाएको हुन नहुने<br>2.3 ENT<br>• कानबाट पिप आउने रोग हुन नहुने<br>• Tympanic Membrane ठिक हुनुपर्ने<br>2.4 मुटु - Clinical Examination-Normal हुनु पर्ने<br>2.5 Chest - Clinical Examination-Normal हुनु पर्ने<br>2.6 Hydrocele, Hernia, Piles, Varicose Vein - हुन नहुने<br>2.7 Congenital Deformity - हुन नहुने<br>2.8 Major Operation Scar - हुन नहुने | |
| 3 | **Investigations /Lab Test** | • Blood Routine (HB, TC, DC, ESR, Creatinine Serology-HIV, HBsAg, Anti HCV, VDRL)<br>• Chest X-ray<br>• Urine Routine<br>• Drug of Abuse (DOA) Test | Normal हुनुपर्ने |
| 4 | **Gynecological Examination (महिला उम्मेदवारहरूको हकमा मात्र)** | • Congenital Deformity - हुन नहुने<br>• General Gynecological Examination-Normal हुनुपर्ने<br>• Urine Pregnancy Test-Negative हुनुपर्ने | |

**विस्तृत स्वास्थ्य परीक्षण गर्न आउनु पूर्व उम्मेदवारहरूले ध्यान दिनुपर्ने कुराहरू :-**

१. पुरुषको हकमा कपाल काटेको हुनुपर्ने।

२. कानको Wax सफा गरेर आउनुपर्ने।

**नोट**

१. विस्तृत स्वास्थ्य परीक्षणमा कुनै द्विवीधा/अस्पष्टता/विवाद पर्न गएमा सम्बन्धित अस्पतालको मेडिकल बोर्डको निर्णयलाई नै अन्तिम मानिनेछ।

२. विस्तृत स्वास्थ्य परीक्षणमा योग्य भएका उम्मेदवारहरू मात्र चतुर्थ चरणको परीक्षामा सहभागी हुन सक्नेछन् ।